# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मितिः २०८१।०३।१७ गते।

# प्रेस विज्ञप्ति

### विषयः नियन्त्रणमा लिइएको ।

जिल्ला ताप्लेजुङ, फुङलिङ नगरपालिका नगरकार्यपालिकाको कार्यालय, ताप्लेजुङमा अधिकृत स्तर छैटौं, सिभिल इन्जिनियर पदमा कार्यरत मो.अख्तर हुसैनले खेलकुद मैदान निर्माण कार्यमा सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरी निवेदनका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय इटहरीबाट खटिई गएको टोलीले निज सिभिल इन्जिनियर मो.अख्तर हुसैनलाई सेवाग्राहीबाट रु.१,००,०००।–(एक लाख रुपैयाँ) घुस/रिसवत लिइसकेको अवस्थामा उक्त रकमसहित फुङलिङ नगरपालिका, वडा नं. ४ न्यूरोड ट्याक्सी स्टयान्ड नजिकबाट आज मिति २०८१।०३।१७ गते नियन्त्रणमा लिई थप अनुसन्धान भइरहेको छ।

प्रवक्ता
नरहरि घिमिरे